

# गैरकानुनी लेनदेन, बाँधा श्रम र सामाजिक सुरक्षा

गैरकानुनी लेनदेन आफैमा दण्डनीय अपराध हो । दुबै पक्षको सहमतीमै गरिएको भए पनि "मिटर ब्याज"जस्ता गैरकानुनी लेनदेनले दलित, महिला तथा सीमान्तीकृत समुदायका व्यक्तिहरूलाई बाध्यकारी श्रम र गरिबीतर्फ धकेलिरहेको छ । लेनदेनको आधारमा उसको इच्छा विपरीत डर वा धाक–धम्की दिई कुनै पनि काम गर्न बाध्य बनाइनुले कुनै पनि व्यक्तिलाई उसको आधारभूत मानवअधिकारबाट बञ्चित गराउँछ । त्यसैले अनौपचारिक क्षेत्रमा रहेका नागरिकहरूलाई बाध्यकारी श्रममा पर्न सक्ने जोखिमबाट रोक्नु र उनीहरूको सामाजिक सुरक्षा र संरक्षणको सुनिश्चितता गर्नु राज्यको मुख्य दायित्व हो ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था

सहयोगः

actionaid
Action Aid India

European Union

## वित्तीय पहूँच र मिटर ब्याज

मिटर ब्याज एक गैरकानुनी लेनदेन व्यवहार हो । यस प्रकृया अन्तर्गत ऋण लिनेले ऋण दिनेलाई कानुनले तोकेको भन्दा धेरै गुणा बढी ब्याज बुझाउनु पर्ने हुन्छ । उदाहरणको रूपमा यदि कसैले एक लाख रुपैयाँ पैसा ऋण लियो भने ऋण दिनेले सुरुमै ३० हजार ब्याज स्वरूप लिने र ७० हजार रुपैयाँ दिने गर्छन् । ऋण लिनेले एक लाख रुपैयाँकै ब्याज बुझाउनुपर्ने हुन्छ । एक महिना पूरा भएपछि दिनको हजार रुपैयाँ ब्याज लिने गरिन्छ । एक वर्षभित्र तिर्न नसके ब्याज दोब्बर हुन्छ । साँवा रकम भन्दा ब्याज धेरै भएर ऋणीले तिर्न नसक्ने अवस्था आउँछ । चर्को ब्याजमा रकम लिएर तिर्न नसकेपछि ऋण लिनेको सम्पत्ति ऋण दिनेको स्वामित्वमा जान्छ ।

पैसाको अत्यन्तै जरूरी भएका दलित, महिला तथा सिमान्तकृत समुदायले ठूलो रकम ब्याज तिर्नुपर्ने भए पनि मिटर ब्याजमा ऋण लिन बाध्य हुन्छन् । मिटर ब्याजमा पैसा लिँदा-दिँदा बैंकिङ कारोबारमाजस्तो कागजी प्रकृया गर्न नपर्ने हुँदा यसरी ऋण लिन जोकोहीलाई सहज हुन्छ । मिटर ब्याजीहरूले यसरी ऋण लिए-दिएको कसैलाई नभन्नु भनी ऋण लिने-दिनेलाई लामो समयसम्म मानसिक दबाबमा राख्छन् । यसरी मिटर ब्याजबाट पीडितहरू लामो समयसम्म आफू ठगिएको र शोषणमा परेको कुरा बाहिर ल्याउँदैनन् । त्यस्तै मध्यम आय भएका मानिसहरू आफूसँग भएको सानो रकमबाट धेरै ब्याज पाउने लोभमा मिटरब्याजीहरूमार्फत् ऋण लगानी गर्छन् । यसरी मिटर ब्याजीहरूले सामान्य पैसा हुने र नहुने दुबैलाई आफ्नो नियन्त्रणमा लिन सफल हुन्छन् ।

नेपाल राष्ट्र बैंकको वित्तीय पहुँच प्रतिवेदन सन् २०२१ अनुसार बैंकमा खाता हुने नेपाली महिलाभन्दा पुरूषको संख्या झण्डै दुई तिहाइले बढी छ । त्यस्तै, बैंक खाता हुनेहरूको जनसंख्यामा ग्रामीण र शहरी क्षेत्रमा ठूलो अन्तर देखिन्छ । ग्रामीण क्षेत्रमा प्रति एक हजार २५१ जनाको बैंक खाता छ भने सहरी क्षेत्रमा यो दर ९५३ जना छ । कर्णाली प्रदेशमा सबैभन्दा बढी ५४ प्रतिशत र मधेश प्रदेशमा ४७ प्रतिशत जनसंख्या बैंकिङ पहूँच बाहिर छन् । बैंकिङ पहूँचमा भएकामध्ये

### सम्पत्ति बन्धकी र लिखतको महत्त्व

साहूसँग ऋण लिए वापत तपाईंले आ नो हक, स्वामित्व वा भोगको अचल सम्पत्ति वा त्यसको कुनै अंश निश्चित समयावधि पश्चात् भोग गर्न पाउने गरी साहूलाई दिनुहुन्छ भने त्यसलाई सम्पत्ति बन्धकीमा दिएको मानिन्छ । तपाईंले ऋण लिइसकेपछि साहूले भोगचलन गर्न पाउने व्यवस्था भोगबन्धकी र तोकिएको भाकाभित्र तपाईंले ऋण चुक्ता नगरेको अवस्थामामात्र साहूले भोग गर्न पाउने व्यवस्था दृष्टिबन्धकी हो ।

कुनै सम्पत्ति बन्धकी राख्दा कानून बमोजिम लिखत राख्नुपर्छ । साहूले सम्पत्ति भोग बन्धकी लिई ऋण दिएकोमा त्यस्तो ऋण वापत तपाईंसँग कुनै किसिमको ब्याज, दस्तुर वा शुल्क लिन पाउँदैन । भोगबन्धकी लिएको सम्पत्ति दश वर्षभन्दा बढी अवधि भोगचलन गर्न पाइँदैन । यद्यपि, कुनै सम्पत्ति दृष्टिबन्धकी दिँदा पाँच वर्षभन्दा बढीको भाखा राख्न सकिने छैन । भाका पूरा नभई साहूले तपाईंबाट दृष्टिबन्धकीमा राखेको सम्पत्ति चलन चलाई लिन वा त्यस्तोसम्बन्धी ऋण असुल गराउन पाउँदैन । भोग बन्धकीमा दिएको सम्पत्ति भए साहूबाट लिएको ऋण र दृष्टिबन्धक दिएको सम्पत्ति भए त्यसमा कुनै ब्याज लाग्ने भए सो समेत साहूलाई बुझाई तपाईंले जुनसुकै बखत आफ्नो सम्पत्ति फिर्ता लिन सक्नुहुन्छ ।

दुवै प्रदेशमा करिब ३४ प्रतिशतभन्दा बढी बैंकखाता निस्कृय छन् *(फिनान्सियल एक्सेस इन नेपाल, नेपाल राष्ट्र बैंक, सन् २०२१)* । सर्वेक्षण अनुसार ६१ प्रतिशत नेपाली वयस्कहरू वित्तिय कारोबारका लागि बैंकको प्रयोग गर्छन् । यद्यपि, २१ प्रतिशतले अनौपचारिक माध्यमहरू मात्र प्रयोग गर्छन् । वित्तीय पहूँच भएकामध्ये सबैभन्दा धेरै २१ प्रतिशतको ऋणको मुख्य श्रोत बैंक नभएर स्थानीय साहू-महाजनहरू हुन् । ऋणका लागि १० प्रतिशतमात्र बैंकिङ क्षेत्र र ९ प्रतिशत सहकारीजस्ता औपचारिक क्षेत्रमा निर्भर रहन्छन् ।[१]

प्रस्तुत तथ्यहरूले स्वभाविक रूपमा नेपालका ग्रामीण क्षेत्र र त्यसमा पनि सबैभन्दा बढी कर्णाली र मधेश प्रदेशका दलित, महिला तथा सीमान्तीकृत समुदायहरू ऋणका लागि अनौपचारिक श्रोतहरूमाथि निर्भर छन् भन्ने देखाउँछ । यस्तो निर्भरताले उनीहरूलाई 'मिटर ब्याज'जस्ता जोखिमपूर्ण लेनदेनका लागि बाध्य बनाएको छ । यसले गर्दा पछिल्लो समय घरजग्गा गुमाउने, ठूलो रकम ब्याज स्वरूप असूल गर्ने, सम्पत्ति कब्जा गर्ने, श्रम शोषण गर्ने, यौन शोषण गर्ने र शारिरीक तथा मानसिक यातना दिने गरेका घटनाहरू बढ्दै गएका छन् ।

नेपाल प्रहरीको तथ्यांकअनुसार नेपालमा हरेक दिन १९ जना (एक वर्षमा ७ हजार ४१ जना)ले आत्महत्या गर्छन् । आर्थिक वर्ष २०१९-२० मा यो संख्या ६ हजार २ सय ५२ रहेको थियो । मानसिक स्वास्थ्य विज्ञहरूकाअनुसार आर्थिक समस्या (मिटर ब्याजजस्ता ऋणको पासो) धेरै कारणहरू मध्ये आत्महत्याको एक मुख्य कारण हो[२] भने न्यून आर्थिक अवस्था भएका परिवारहरू ऋणकै कारण बाध्यात्मक श्रमतर्फ धकेलिइरहेका छन् ।

१ United Nations Capital Development Fund (UNCDF). 2015. FinScope Survey Highlights. Kathmandu: UNCDF.

२ Pudel, Arjun. 2022. Suicide rate is high, but conversation about issue is lacking. The Kathmandu Post, Kantipur Publication. Kathmandu. Source: https://tkpo.st/3t7Gg2g, Accessed on 12th July 2022.)

## ऋणको बन्धनमा दलित समुदाय

सियाराम सदा, ५२, सिरहाको गोलबजार नगरपालिका वडा न. ४ मा बस्छन् । श्रीमती, तीन छोरी र दुई छोरासहित उनको सात जनाको परिवार छ । बिरामी आमा-बुबाको उपचार गर्दा सदालाई ऋण लाग्यो । ऋण तिर्न उनी वैदेशिक रोजगारीका लागि साउदी अरब गए ।

वैदेशिक रोजगारीमा जाँदा उनले गाउँकै महाजन रामबृक्ष सोनारलाई चार कठ्ठा जग्गा बन्धकी राखेर एक लाख रूपैयाँ सयकडा पाँचका दरले ऋण लिए । विदेशमा सदाले राम्रो काम पाउन सकेनन् । केही समयपछि नेपालमै फर्किए । आम्दानीको कुनै बाटो नभएपछि उनले ऋण तिर्न सकेनन् । यता एक वर्षमै ऋणको ब्याज साठी हजार पुग्यो । ऋणमाथि ऋण थपिँदै गयो । अन्त्यमा ऋण तिर्ने भाका नाघेपछि साहुले उनको चार कठ्ठा जमीन खाइदियो ।

ऋणका कारण सदाले कक्षा ८ मा पढदै गरेको छोरालाई कतार पठाए । छोरा विदेश जाँदा पनि उनले १ लाख २० हजार रूपैयाँ सय कडा ५ का दरले ऋण लिएका छन् । सम्पत्तिको नाममा अब उनीसँग दुई धुर ऐलानी जमीनमा बनेको एउटा घर छ ।

सदाको जस्तै समस्या उनका छिमेकी हरदेव पासवानको पनि छ । छोरा रूना पासवानलाई कतार पठाउने भनेर उनले स्थानीय विसुन यादवसँग दुई लाख रूपैंया जग्गा बन्धकी राखेर ऋण लिए । तर, छोरा दलालबाट ठगिएपछि एयरपोर्ट बाटै फर्किन बाध्य भए । ऋण तिर्न नसकेपछि उनको जग्गा पनि साहुले खाइदियो । न छोरा विदेश जान पाए न आफ्नो जग्गा नै रह्यो । तराई-मधेशका धेरै गाउँहरूमा सदा र पासवानजस्ता सामान्य आर्थिक हैसियत भएका मानिसहरू चर्को व्याजका कारण आफ्नो जग्गा र सम्पत्ति गुमाउन बाध्य छन् ।

## लेनदेनसम्बन्धी कानुनी व्यवस्था

देवानी संहिता, २०७४ अनुसार[३] **"दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीच कुनै सर्त राखी कुनै रकम वा वस्तु लिनेदिने गरेमा उनीहरूबीच लेनदेन भएको बुझिन्छ"** । **संहिताअनुसार कुनै पनि व्यक्तिले कुनै किसिमले** अन्य व्यक्तिलाई रकम वा वस्तु दिनुपर्ने दायित्व रहेको छ भने त्यो 'ऋण' लिए सरह मानिन्छ । यसरी लिएको ऋण कानुनको अधीनमा रहेर फिर्ता गर्नुपर्ने हुन्छ । कसैले पनि लेनदेन गर्दा कानुन बमोजिम *'लिखत'* नगरी लेनदेनको कारोबार गर्नु हुँदैन । लेनदेन कारोबार भएको प्रमाणित गर्ने चेक, बिल, भौचर, रसिद, तमसुक र भरपाईसमेतका कागजातहरू लेनदेनका 'लिखत' हुन् । लिखत भनेको लिखित कागजात भन्ने हो । मिटर ब्याजमा दुई पक्षबीच सहमति भएर लेनदेन गरे पनि राज्यले तोकेको भन्दा बढी ब्याजदरमा लेनदेन गरिनु कानुन विपरीतको कार्य हो । आपसी समझदारीमा बजारमा चलेको भन्दा बढी ब्याज दिने बहानामा नगद कारोबार गर्नेहरू थप अप्ठ्यारोमा पर्छन् । मेरो लगानी डुब्न सक्छ भन्ने सौँचलाई पर राखेर "साँवा भन्दा ब्याजको माया" भन्ने विचारले धेरैलाई मिटर ब्याजको पासोमा जानी जानी फसाउँछ । त्यसैले लेनदेनसम्बन्धी काम कानुनसम्मत तरिकाले गरेमा मिटर ब्याजको जोखिमबाट बच्न सकिन्छ ।

**लिखत तयारीः** लेनदेन कारोबार गर्दा तयार पारिने लिखतमा लेनदेन गर्ने व्यक्तिहरूको तीन पुस्ते नाम, थर, ठेगाना र विवाहितको हकमा पति-पत्नीको नाम उल्लेख भएको हुनुपर्छ । किन लेनदेन गरिएको हो र कति लेनदेन भएको हो स्पष्ट खुलाउनु पर्छ । कुनै वस्तु लेनदेन भएको छ भने सापटी, पैंचो वा सट्टापट्टा के हो त्यो खुलाउनु पर्छ । यस्तो लेनदेन गरेको रकम वा वस्तु फिर्ता गर्ने मिति, ब्याजदर, तोकेको समयमा नबुझाए वा सर्त पूरा नगरेमा लेनदेन बमोजिमको रकम ऋण दिनेले लिनेसँगबाट असुलउपर गरी लिन पाउने कुरा उल्लेख हुनुपर्छ । त्यसैगरी लिखत तयार पारेको ठाउँ, मिति, साक्षीका साथै अन्य आवश्यक कुराहरू अनिवार्य उल्लेख गर्नुपर्ने हुन्छ ।

**ब्याज तथा मुनाफाः** लेनदेनको कागजमा ब्याज लिने दिने कुरा उल्लेख नभएमा ब्याज लिन पाइँदैन । यस्तो अवस्थामा अदालतले पनि केही गर्न सक्दैन । त्यस्तै ऋण लिएको रकमको (साँवा) रकमको वार्षिक १० प्रतिशत भन्दा बढी ब्याज लिनु पनि गैरकानुनी कार्य हो । यद्यपि, लेनदेनको कागजमा ब्याज लिने कुरा नगरी मुनाफा लिने भन्ने लेखिएको छ भने वार्षिक १० प्रतिशतभन्दा बढी नहुने गरी ब्याज लिन सकिन्छ । ऐनको विपरीत कुनै साहूले ऋणीबाट ब्याजको पनि ब्याज लिएको रहेछ भने सावाँबाट त्यस्तो रकम घट्छ । यदि, सावाँ भन्दा बढी ब्याज तिरीसकेको छ भने ऋण दिनेले लिनेलाई बढी रकम फिर्ता गर्नुपर्छ । साँवाभन्दा बढी ब्याज लिन पाइँदैन ।

**दर्ता गर्नुपर्नेः** मुलुकी देवानी संहिता र सर्वोच्च अदालतले २०७८ असारमा प्रतिपादन गरेको नजीर[४]ले लेनदेनसम्बन्धी कागजातलाई सरकारी निकायमा अनिवार्य दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ । संहिताले ५० हजार रुपैयाँभन्दा बढी लेनदेनको कागजात वडा कार्यालयमा दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसरी प्रमाणित गर्दा लिखतमा प्रमाणित गर्ने कार्यालयले सहीछाप गर्नुपर्नेछ । यसरी प्रमाणित नभएका कागजातको कुनै मान्यता वा कार्यान्वयन हुँदैन । सर्वोच्चको नजीरले अचल सम्पत्ति किनबेच गर्दा 'रजिष्ट्रेसन' गरेकै हुनुपर्ने व्यवस्था गरेको छ । नजीरअनुसार व्यवहारमा प्रचलित बैनाबट्टा गरेर जग्गा पास गर्ने काम हुँदैन । कसैले बैनाबट्टा गरेको कुरा **समेत वडा कार्यालयमा लेनदेनका रूपमा भने दर्ता गर्नु पर्छ । बैनाबट्टा**

---

३ मुलुकी देवानी संहिता, २०७४ को भाग ४ को परिच्छेद १५ को लेनदेन व्यवहारसम्बन्धी व्यवस्थाअन्तर्गत दफा ४७४ देखि ४९२ सम्म लेनदेनसम्बन्धी विभिन्न व्यवस्था गरेको छ ।

४ सर्वोच्च अदालत । २०७८ । करार बमोजिम दायित्व पूरा गराई पाउ । तुलारत्न बज्राचार्य विरूद्ध तारा श्रेष्ठ । पत्रवंश ०६६-डीएफ-००१९ । सर्वोच्च अदालतः काठमाडौं ।

गरेपछि वडामा दर्ता गरिएको छैन भने ठगी भएमा त्यस्तो मुद्दा अदालतले पनि हेर्दैन । तर, वडामा दर्ता गर्ने हो भने कम्तीमा लेनदेन भएको रकम भने फिर्ता पाउन सकिन्छ । "दस्तखत वा ल्याप्चे गर्नुपर्ने ५० हजार रुपैयाँभन्दा बढी वा सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निश्चित रकमभन्दा बढीको *घरसारमा*[५] तयार भएको लिखतलाई सम्बन्धित पक्षले स्थानीय तह वा वडासमितिको कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ । कसैले असक्षम वा अर्धसक्षम व्यक्तिसँग गरेको लेनदेनले कानुनी मान्यता पाउँदैन । त्यस्ता व्यक्तिहरूले आफूले गरेको कामको प्रकृति र परिणाम बुझ्न नसक्ने र आफ्नो हकहितको विचार गर्न नसक्ने भएकाले यस्तो व्यवस्था गरिएको हो । त्यस्ता व्यक्तिहरूको तर्फबाट लेनदेन गर्नुपर्दा उनीहरूको संरक्षकको स्वीकृतिमा गरिनुपर्दछ ।

## बाँधा श्रम र दासता

बाँधा श्रम आधुनिक दासत्वको एक स्वरूप हो । ऐतिहासिक रूपमा बहिष्करण र विभेदमा पारिएका समुदायहरू बाध्यात्मक श्रम वा दासका रूपमा काम गर्न बाध्य थिए । यद्यपि, हालका दिनहरूमा नयाँ स्वरूपमा बाध्यात्मक श्रम र दासताको सिर्जना हुँदै आएको छ । यसको मुख्य कारकका रूपमा वित्तीय पहूँचविहीनता र त्यसमार्फत् उत्पन्न बाध्यात्मक श्रम हो । यस्तो श्रममा प्रायः समाजका सबैभन्दा कमजोर, दलित तथा सिमान्तकृत समुदायहरू रहेका छन् । गरिवी, रोजगारी र शिक्षाको अभाव, राजनीतिक तथा सामाजिक पूँजीको अभावमा उनीहरू बाँच्नका लागि पनि सस्तो र बाँधा श्रममा निर्भर छन् ।

साहूसँग लिएको ऋण तिर्न नसक्दा लामो समय वा पूस्तौसम्म बधुँवा मजदुरका रूपमा पूर्वी र मध्य तराईका जिल्लाहरूमा रहेका हरवा-चरवाहरू बाँधा श्रमको एक उदाहरण हुन् । उनीहरूको आफ्नो जमीन र घर छैन । अधिकांशसँग नागरिकता नभएकाले सरकारले दिने सामाजिक संरक्षणका लाभबाट उनीहरू बञ्चित छन् । मालिककहाँ कृषिमा आधारित श्रम गर्नुबाहेक उनीहरूको जीवन धान्ने अन्य विकल्प छैन । मालिकसँग लिएको ऋण कहिल्यै चुक्ता हुन सक्दैन, ब्याजदर पनि उच्च हुने गर्छ । कामको ज्याला पाइँदैन, पाइहाले पनि अत्यन्त न्यून छ । यसलाई प्रतिकार गर्न खोजे उठिबास लाग्छ । बालबालिकाहरू विद्यालय जानुको सट्टा गाई-गोरू चराउँछन्, ईँटाभट्टामा काम गर्छन् वा होटलमा भाँडा माझ्छन् । हुर्किएपछि कामको खोजीमा भारत पस्छन् या मालिकबाट छुटकारा पाउँदैनन् ।

नेपाल सरकारले २०७९ श्रावणमा हरवा-चरवाको मुक्ति र उनीहरूको सम्पूर्ण ऋण खारेजीको घोषणा गरेको छ । तर, उनीहरूको पुनःस्थापनाको मोडालिटी तयार हुन सकेको छैन । त्यस्तै २०५८ सालमा सरकारले कमैया मुक्तिको घोषणा गऱ्यो । यसले उनीहरूले मालिक वा साहूलाई तिर्नुपर्ने ऋण त मिनाहा भयो, तर अरू सबै समस्या यथावत् रहे । सरकारले ल्याएको पुनःस्थापना कार्यक्रम अन्तर्गत आवासका लागि जमीनको केही समस्या हल भए पनि पुनःस्थापना कार्यक्रम व्यवस्थित र एकीकृत हुन सकेनन् । मुक्तिपश्चात् कमैया र कमलहरीहरूको पहिचान भयो । तर, मालिकको घरभित्रको काम गर्ने महिला (बुत्रही)हरूको पहिचान र उनीहरूको मागको सुनुवाइ हालसम्म भएको छैन ।[६]

---

५ घरसारमा भएको लिखतको अवधि दश वर्षको हुन्छ । त्यस्तो लिखतमा नै अवधि तोकिएको छ भनेचाहिँ त्यही तोकिएको अवधि कायम हुन्छ । यदी दश वर्षको अवधिभित्र ऋणीले साहुलाई सावाँ-ब्याजमध्ये केही रकम बुझाएकोछ भने अर्को दश वर्षको अवधि थप हुने व्यवस्था छ ।

६ कमैया श्रम एक बाध्यात्मक श्रम व्यवस्था हो । यसमा पुरूषहरू खेतमा काम गर्थे (कमैया), महिलाहरू जमिनदारको घरभित्र काम गर्थे (बुत्रही) भने बालिकाहरू जमिनदारका केटाकेटी हेर्ने लगायतका काम (कमलहरी) गर्थे ।

कमैया श्रम (निषेध गर्नेसम्बन्धी) ऐन, २०५८ लागू भएपछि कमैयाहरू मुक्त भए, तर सुदूर र मध्यपश्चिमकै १२ जिल्लाका हलियाले भने मुक्तिका लागि अर्को आन्दोलन गर्नु पर्‍यो । २०६५ सालमा सरकारले हलिया मुक्तिको घोषणा गर्‍यो । मुक्ति घोषणापछि पुनःस्थापनाको ढाँचा र कार्ययोजना ल्याउन र लागू गर्न ८ वर्ष लाग्यो । लगत र प्रमाणीकरणमै छुटेका करिब दुई तिहाई हलिया परिवार पुनःस्थापना प्याकेजमा पर्न सकेनन् । जीविकोपार्जनका निम्ति कुनै उपाय र माध्यम नहुँदा भारतमा श्रम गर्नु वा मालिककैमा गरिआएका कामलाई पुनः निरन्तरता दिनुबाहेक उनीहरूसँग विकल्प रहेन । यसरी हरवा-चरवा, कमैया र हलियाजस्ता शोषणमूलक श्रमको मुख्य कारणको रूपमा ऐतिहासिक विभेदको भूमिका त छँदैछ । तर, आर्थिक लेनदेनको विषय पछिल्लो समयमा पेचिलो बन्दै आएको छ । यसले उनीहरूलाई बाध्यात्मक श्रम र दासतातर्फ धकेलिरहेको छ ।

## बाँधा श्रमविरूद्ध संरक्षण

नेपालको संविधानले कसैलाई पनि दास वा बाँधा बनाउन, जबर्जस्ती काममा लगाउन तथा श्रम शोषण गर्न नपाइने व्यवस्था गरेको छ (धारा २९) । संविधानमा प्रत्येक नागरिकलाई रोजगारीको हक तथा कानुनअनुरूप बेरोजगार सहायता (धारा ३३), प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक (धारा ३४), बाल श्रमलाई निषेधित गर्ने व्यवस्था (धारा ३९), तथा राज्यको नीति अन्तर्गत मर्यादित श्रमको प्रवर्धन गर्ने (धारा ५१) लगायतका व्यवस्था पनि छन् । बाल श्रम तथा बाध्यकारी श्रमलाई संवैधानिक रूपमा नै दण्डनीय मानी पीडितलाई क्षतिपूर्तिको हकको व्यवस्था गरिएको छ भने धारा २१ मा अपराध पीडितले कानुन बमोजिम सामाजिक पुनर्स्थापना तथा क्षतिपूर्तिसहित न्याय पाउने हक पनि सुनिश्चित गरिएको छ ।

नेपालमा बाध्यकारी श्रमलाई सम्बोधन गर्ने कानुनी व्यवस्थाहरू पनि रहेका छन् । यसअन्तर्गत प्रत्यक्ष रूपमा आकर्षित हुने कानुनहरू निम्न रहेका छन्ः- श्रम ऐन २०७४ र नियमावली २०७५, बाल श्रम निषेध र नियमित गर्ने ऐन २०५६ र नियमावली २०६१, कमैया श्रम निषेध गर्नेसम्बन्धी ऐन २०५८, अपराध पीडितको हक संरक्षण गर्ने ऐन २०७५, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ र नियमावली २०६४ र मुलुकी अपराध संहिता २०७४ मुख्य हुन् ।

मुलुकी अपराध संहिता २०७४ परिच्छेद १० अनुसार कसैले कसैलाई निजको इच्छाविरुद्ध काममा लगाएमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय तोकेको छ । त्यस्तै

**सप्तरी जिल्लाको सुरूङ्गा नगरपालिका–४ का शोभित राम बर्षौंदेखि मालिकको घरमा हरवा-चरवाका रूपमा काम गर्दै आएका थिए । बुवाकै पालादेखि स्थानीय मखन यादवको घरमा उनको परिवारले ५ कठ्ठा खेत कमाउँदै आएको थियो । उनीहरूले मालिकको खेतको काम सर्कापछिमात्र आफ्नो खेतमा बाली लगाउन पाउँदथे । रूखो जमीन र मलको अभावका कारण राम्रो उब्जनी हुँदैनथ्यो भने आएको अन्नले ८ जनाको परिवारलाई ६ महिना पनि पुग्दैनथ्यो । श्रीमती बिरामी भएपछि मालिकसँगै १ लाख ५० हजार वार्षिक ३६ प्रतिशत ब्याजका दरले ऋण लिए । ब्याजको बहानामा मालिकको घरमा उनीहरूले निःशुल्क काम गर्नु पर्दथ्यो । एक दिन उनको गाउँमा नेपाल ग्रामीण पुनर्निर्माण सँस्थाले बाध्यात्मक श्रमविरूद्धको परियोजना सञ्चालन गर्‍यो । उनी परियोजनाअन्तर्गत गठन भएको नगरस्तरीय हरवा-चरवा समितिको अध्यक्ष भए । त्यसपछि उनले आफ्नो अधिकारका बारेमा चासो राख्न थाले । उनले मालिकको काम छोडेर अहिले अरूको जमीन अँधियाका रूपमा गर्न थालेका छन् । काममा दुःख भए पनि उनी आजभोलि आफूले साहुको दलनबाट मुक्ति पाएको महसुस गरेका छन् ।**

कसैले कुनै व्यक्तिलाई दास वा कमाराकमारी बनाउन, त्यस्तो हैसियतमा राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन नहुने र यसो गरेमा पाँचदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना तोकेको छ । त्यस्तै कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफलबापत कमैया राख्न वा बन्धक बनाउन वा बाँधा राख्न वा बाँधाको हैसियतमा काममा लगाउन वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार गर्न वा गराउन नहुने भन्दै यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षदेखि सातवर्ष सम्म कैद र तिस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना तोकेको छ ।

## श्रमिकको सामाजिक सुरक्षा

नेपाल सरकार केन्द्रीय तथ्यांक विभागले गरेको श्रम शक्ति सर्वेक्षण-२०१७ का अनुसार नेपालको आन्तरिक श्रम बजारमा ७० लाख ८६ हजार श्रमिकहरू कार्यरत छन् । जसमध्ये ४४ लाख ४६ हजार पुरुष छन् भने २६ लाख ४० लाख जना महिला छन् । औपचारिक क्षेत्रमा २६ लाख ७५ हजार जना मात्रै कार्यरत छन् । यद्यपि, ठूलो हिस्सा ४४ लाख ११ हजार जना (६२.२ प्रतिशत) अनौपचारिक क्षेत्रमा कार्यरत छन् । जसमध्ये कृषि क्षेत्रमा १४ लाख ३४ हजारले रोजगारी पाएका छन् भने गैरकृषिमा २९ लाख ४ हजार कार्यरत छन् । घरेलु श्रममा भने ७३ हजार जना कार्यरत छन् । सबैभन्दा बढी रोजगार दिने क्षेत्र कृषि हो । दोस्रोमा व्यापार क्षेत्र (१७.५ प्रतिशत) पर्छ । त्यसपछि निर्माण क्षेत्र (१३.८ प्रतिशत) छ । सेवा र विक्रेताको पेसामा २३.८ प्रतिशत श्रमिक आबद्ध छन् । उनीहरू सातामा ४४ घण्टादेखि ५५ घण्टासम्म काम गर्छन् । उनीहरूले सरदर १७ हजार ८ सय ९ रुपैयाँ आम्दानी गर्ने श्रम सर्वेक्षणले देखाएको छ ।

सामाजिक सुरक्षा गरिवी निवारण र सीमान्तकृत वर्गको मानवअधिकारको संरक्षण र संवर्द्धन गरी सामाजिक न्यायको प्रत्याभूतिका लागि आएको अवधारणा हो । नेपालमा सामाजिक बीमाका कार्यक्रमहरूले औपचारिक क्षेत्रका कामदारहरूलाई मात्र सेवा पुऱ्याएका छन् । यिनीहरूमा निवृत्तीभरण तथा उपदान, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष लगायत अपांगता, सुत्केरी बिदा, कार्यस्थलसम्बन्धी चोटपटक, अस्वस्थता तथा आश्रितहरूका लागि सुविधा पर्दछन । मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९४८ ले 'सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण'को अधिकार प्रत्याभूत गरेको छ । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले 'सामाजिक बीमासहितको सामाजिक सुरक्षा'को सुनिश्चितता गरेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको सामाजिक सुरक्षाको न्यूनतम मापदण्डसम्बन्धी महासन्धि, १९५२ ले यसका 'आधारभूत सिद्धान्त, औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, वृद्ध अवस्था, आश्रित परिवार, दुर्घटना तथा अशक्तता सुरक्षालगायत नौ विधा' समेट्ने विश्वव्यापी न्यूनतम मापदण्ड निर्धारण गरेको छ । त्यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठनको सामाजिक संरक्षण कार्यक्रम-२०१२ ले सदस्य राष्ट्रहरूलाई विस्तृत सामाजिक सुरक्षा प्रणालीमा मार्गदर्शन गरेको छ ।

नेपालको संविधान २०७२ को धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ । संविधानको धारा ३४ मा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई प्रत्येक श्रमिकको मौलिक हकमा रूपमा उल्लेख गरिएको छ । त्यस्तै, सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार सरकारी सेवा, निजी क्षेत्र, स्वरोजगार र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको सामाजिक सुरक्षालाई समेत प्रत्याभूति गरिएको छ । ऐनको दफा ५ मा 'अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्ति सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्ने' व्यवस्था छ ।

श्रम ऐन, २०७४ नेपालमा श्रमसम्बन्धी मुख्य ऐन हो । यसले औपचारिक, अनौपचारिक तथा स्वरोजगार गरी जुनसुकै काममा संलग्न श्रमिकको हकहितको संरक्षण गर्न सक्नेगरी सबै खाले श्रमजीवीलाई समेटेको छ । यस ऐनसँग बाझिएका श्रम वा श्रमिकसम्बन्धी सबै अन्य व्यवस्था अमान्य हुने भएको छ । यस ऐनमा सबै प्रकारका श्रमिकले काम गरेको प्रत्येक दिनको पारिश्रमिकका साथसाथै सामाजिक सुरक्षा प्राप्त गर्नसक्ने व्यवस्था गरेको छ । ऐनअनुसार रोजगारदाताले श्रमिकलाई नियमित, कार्यगत, समयगत, आकस्मिक र आंशिक रोजगारी गरी वर्गीकरण गरेको छ । कामको वर्गीकरणले रोजगारदाता र श्रमिकबीच श्रम सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको छ । यस्तो श्रम सम्झौता नियुक्ति पत्रसरह मानिनेगरी व्यवस्था छ । यो ऐनले रोजगारदाता र श्रमिकको एकअर्काप्रति, राज्यप्रतिको कर्तव्य र अधिकार अनि दण्ड र सजायको व्यवस्था गरेको छ । आकस्मिक रोजगारी बाहेक अन्य अवस्थामा नियुक्तिपत्रबिना काममा लगाउन नपाइने व्यवस्था छ ।

ऐनले ८ घण्टा प्रतिदिन, ४८ घण्टा प्रति हप्ता र ६ दिन प्रतिहप्ताको कार्यावधि तोकेको छ । त्यस्तै सूर्योदय र सुर्यास्तपछि महिला श्रमिकलाई काममा लगाउनुपरेमा यातायात र सुरक्षाको उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था गरेको छ भने ओभरटाइम एकदिनमा ४ घण्टा र हप्तामा २४ घण्टासम्म मात्र लगाउन पाउने व्यवस्था छ । ऐनले पारिश्रमिक सहितका विदाका दिनहरूः– वार्षिक (घर) विदाः १८, विरामी विदाः १२, सार्वजनिक विदाः १३ (महिलाका लागिः १४), साप्ताहिक विदाः (हप्तामा १ दिन) ५२, सुत्केरी विदाः ६० (बेतलवी वा अन्य बिदा मिलानसहित ९८ दिन पाउने), सुत्केरी स्याहार विदाः १५, किरीया विदाः १३ (यसमध्ये विरामी, सुत्केरी र किरीया विदाहरू अधिकार हुने) तोकेको छ । त्यस्तै आधारभूत तलबको १० % सञ्चयकोष र ८.३३% उपदान (सामाजिक सुरक्षाबापत) र रोजगारी सुरु गरेको एक वर्ष पूरा भएका श्रमिकलाई १.६६% वार्षिक ग्रेड बृद्धिवापत हरेक महिना रोजगारदाताले आधारभूत तलबमा थप गरी दिनुपर्ने व्यवस्था गरेको छ ।

श्रम ऐनले सबै रोजगारदाता सामाजिक सुरक्षा कोषमा सूचिकृत हुनुपर्ने र सामाजिक सुरक्षाबाफतको रकम त्यहाँ जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा हकको सुनिश्चित गर्न स्थापित स्वतन्त्र निकाय हो, सामाजिक सुरक्षा कोष । सामाजिक सुरक्षा कोषमा आबद्ध हुनेहरूले कार्यस्थलमा दुर्घटना पर्दा शतप्रतिशत उपचार खर्च पाउने सुविधा छ । कोषले श्रमिकको जीवनचक्रमा हुन सक्ने अस्वस्थता, सुत्केरी, मृत्यु, दुर्घटना, वृद्धावस्था जस्ता सामाजिक जोखिमका कारण सिर्जित परिस्थितिलाई सम्बोधन गरेको छ । नेपाल सरकारले श्रमिकको मासिक आधारभूत पारिश्रमिक ९३८५ मा ५६१५ रूपैयाँ महंगी भत्ता थप गरी १५ हजार तोकेको छ । त्यस्तै दैनिक ५७७ रूपैयाँ र प्रतिघण्टा ७७ रूपैयाँ ज्याला तोकेको छ । यद्यपि, अनौपचारिक श्रम क्षेत्रलाई यी सेवाले समेट्दैनन् । त्यसैले उनीहरू जोखिमपूर्ण जीवन बिताउन बाध्य छन् ।

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था**
पो. ब. नं.: ८१३०, २८८, गैह्रीधारा मार्ग, काठमाडौं, नेपाल
टेलिफोनः +९७७१ ४००४५०७ । ४००४९८५
इमेलः rrn@rrn.org.np, वेभः www.rrn@rrn.org.np